आपराधिक प्रतिवादी अधिकारहरू

नमस्ते।

आज तपाई यहाँ हुनु हुन्छ किन भने तपाईलाई अपराधको आरोप लगाइएको भएर हो। मेरो काम भनेको तपाईको अधिकारको बारेमा जानकारी गराउनु हो। तर पहिले, म तपाईको अधिकारहरूको व्याख्या गर्नु अघि तपाईले आजको सुनुवाईमा, के के अनुमान गर्न सक्नु हुन्छ भन्ने म तपाईलाई रूप रेखाको जानकारी दिने छु।

यदि तपाइँलाई कुनै दुष्कर्म अथवा मिस्डमीनोर (misdemeanor) को आरोप लगाइएको छ भने, आजको सुनुवाईमा, तपाई विरुद्ध लागेको आरोप र तपाईलाई लगाइएको आरोपमा हुन सक्ने अधिकतम दण्ड सजायको बारेमा जानकारी दिइने छ। यस अदालतले तपाईंलाई यो पनि जानकारी गराउने छ कि तपाईलाई हुन सक्ने अनिवार्य न्यूनतम दण्डको बारेमा पनि बताइने छ। जुन तपाईले या त तपाई विरुद्ध लागेको दोष स्वीकार गर्नु भयो वा दोषी ठहरिनु भयो भने लागू गरिनु पर्द छ। न्यायाधीशले त्यस पछि तपाईलाई सोध्नु हुने छ कि तपाई विरुद्ध लागेको दोष स्वीकार गर्न चाहनु हुन्छ अथवा हुदैन। तपाईले जसमा चाह्यो तपाई आफु दोषी वा निर्दोष रह्योको आफ्नो निर्णयको बारेमा अदालतलाई जानकारी दिनु पर्ने हुने छ। साथ साथै म तपाईंलाई छिट्टै के के विकल्पहरू समावेश गर्न सकिन्छ भन्ने बारेमा थप विवरणमा व्याख्या गर्ने छु।

यदि तपाइँलाई फेलोनी (Felony) अपराधको आरोप लगाइएको छ भने तपाइँको आजको सुनुवाई अलि फरक तरिकाले अगाडि बढ्ने छ। यदि तपाइँलाई फेलोनी (Felony) अपराधको आरोप लगाइएको छ भने, तपाइँको आजको सुनुवाइ धेरै सुनुवाइहरू मध्ये पहिलो हुने छ। तपाईलाई आज न्यायाधीशले तपाईं दोषी वा निर्दोष भएको स्वीकार गर्न सोधिने छैन। तपाइँलाई आफु दोषी वा निर्दोष रह्योको आफ्नो निर्णयको बारेमा अदालतलाई जानकारी प्रदान गर्न तपाईंलाई अर्को सुनुवाइको मिति दिइने छ, जसलाई प्रेलिमिनारी हियरिंग (Preliminary Hearing) भनिन्छ। प्रेलिमिनारी हियरिंग (Preliminary Hearing) सुनुवाईमा तपाई विरुद्ध लगाइएको आरोपमा तपाई दोषी वा निर्दोष भनी प्रमाणित गर्न छैन। बरु, नर्थ डकोटा राज्यको वकिल, जो तपाईंको विपक्षी वकिल अथवा प्रॉसिक्यूटर (prosecutor) ले अदालतलाई विश्वस्त गराउनु पर्छ कि यो अपराध घटेको छ साथ साथै तपाईंले नै घटना घटाऊनू भएको थियो भनेर। यदि विपक्षी वकिल अथवा प्रॉसिक्यूटर (prosecutor) ले तपाईंले अपराध नगरेको भन्दा बढी सम्भावना छ भनी देखाउनको लागि पर्याप्त प्रमाण प्रदान नगरे सम्म वा तपाईंले स्वेच्छाले आफ्नो उदाहरणमा प्रेलिमिनारी हियरिंग (Preliminary Hearing) सुनुवाईको आवश्यक छैन भनी सहमति जनाउनु भएको खण्डमा तपाईंले मुद्दामा दोषी वा निर्दोष भएको कुनै एकमा आफ्नो निर्णय यस अदालतमा बताउनू पर्ने आवश्यक हुने छ।

त्यसैले मूलतया आजको सुनुवाइ यसरी काम गर्ने छ। यस अदालतमा तपाईको नाम बोलाइने छ र तपाई अगाडि आउन पर्ने हुने छ। त्यस पछि तपाईलाई तपाई विरुद्ध लगाइएका आरोपहरू पढिने छन् साथ साथै तपाइँलाई तपाइँको मुद्दामा हुने अधिकतम सम्भावित दण्डहरू के के हुन् भनी तपाईंलाई बताइने छ। तपाइँलाई यदि ती आरोपहरूसँग सम्बन्धित कुनै अनिवार्य न्यूनतम दण्डहरू छन् भने, तपाईंलाई तिनीहरूको बारेमा पनि बताइने छ। त्यसपछि न्यायाधीशले तपाईलाई मिस्डमीनोर (misdemeanor) अपराधको आरोप लगाइएको छ भने दोषी (guilty) वा निर्दोष (not guilty) भएको कुनै एकमा आफ्नो निर्णय यस अदालतमा निवेदन प्रविष्ट गर्न सोध्ने छन्।

यदि तपाइँलाई फेलोनी (Felony) अपराधको आरोप लगाइएको छ भने तपाइँलाई अर्को सुनुवाईको लागि मिति तोकिएर दिइने छ। तपाइँलाई तपाइँको सुनुवाईको अन्त्यमा, न्यायाधीशले अर्को अदालतको सुनुवाईको लागि तपाइँ उपस्थित हुनु हुने छ भनी सुनिश्चित गर्नको लागि पैसा धरौटी जम्मा गर्ने जस्ता कुनै अन्य पनि सर्तहरू आवश्यक छ कि छैन भन्ने निर्णय सम्बोधन गर्ने छ।

अब म तपाईलाई तपाईको अधिकारहरूको बारेमा बताउँछु।

- तपाइँसँग तपाईं माथि लगाइएका आरोपहरू र ती परिणामहरू सँग जाने दण्डहरू थाहा पाउने अधिकार छ।

- तपाइँसँग तपाइँको मुद्दामा संलग्न सबै महत्वपूर्ण सुनुवाइहरूमा अदालतमा उपस्थित हुने कानूनी अधिकार छ।

- तपाईंसँग आफ़नो मुद्दाको आवश्यक प्रतिरक्षा तयार गर्नको लागि तपाइँले निर्धारित कार्यक्रमहरूको उचित ढिलाइ गर्ने अधिकार छ।
- तपाईंसँग तपाईलाई उचित सर्त र परिस्थितिहरू सहित हिरासतबाट रिहा हुने अधिकार छ। जसले तपाईको समयमै अदालतमा फिर्ता हुने ग्यारेन्टी गर्द छ। उक्त सर्त अन्तर्गत तपाईलाई अपेक्षा गरेको समयमा अदालतमा उपस्थित हुनु पर्ने छ।

- तपाईंसँग पब्लिक ट्रायल (public trial) लाई द्रुत गर्ने अधिकार छ।

- तपाइँसँग तपाईंले मुद्दासँग सम्बन्धित कुनै पनि बयान दिनु अघि, कुनै पनि सोधपुछको जवाफ दिनु अघि, वा कुनै पनि समयमा तपाईको घटनाहरू घट्दाको सम्बन्धित छन् भने, तपाईंले आफ़नो कानूनी सल्लाहकरको सल्लाह लिने अधिकार छ। कतिपय अपराधहरूको मुद्दाको लागि, यदि तपाईसँग कानून सल्लाहकार वकिलको लागि तिर्न पर्याप्त पैसा नभए ता पनि तपाईलाई वकिल नियुक्त गर्न अनुमति दिन्छ। यदि तपाईंलाई ती अपराधहरूको आरोपको लागि, वकीललाई भुक्तानी गर्न सक्षम हुनु हुन्न भने, न्यायाधीशले तपाईंलाई अत्यधिक आर्थिक कठिनाइ बिना तपाईंलाई मद्दत गर्न सार्वजनिक खर्चमा तपाईंको लागि वकील नियुक्त गर्ने छन्। यस्तो वकिललाई पब्लिक डिफेंडर (public defender) भनिन्छ। यद्यपि, यदि तपाईं दोषी पाइनु भयो भने, तपाईंले सबै वा केही वकिलको शुल्क फिर्ता गर्नु पर्ने हुन सक्छ।

- तब सम्म तपाईलाई आरोपहरूबाट निर्दोष मानिन्छ, जबसम्म राज्यले तपाइँको दोषलाई उचित शंका भन्दा बाहिर स्थापित गर्न सक्दैन।

- तपाईंसँग यदि तपाईंले अपराध स्वीकार नगर्ने छनौट गर्नु भयो भने, तपाईंले जूरी ट्रायल (Jury Trial) को अधिकार पाउनु हुनु हुन्छ। यदि तपाइँलाई निर्णायक मंडलद्वारा ट्रायल (Trial) मा राखिएको छ भने, तपाइँलाई दोषी ठहराउनु सकिदैन जब सम्म जूरीका प्रत्येक सदस्यले तपाइँलाई दोषी फेला पार्दैन। तपाइँलाई दोषी ठहराउनु अघि तपाइँ दोषी हुनु हुन्छ भनी प्रत्येक जूरीहरूले एकमत हुनु पर्द छ। तपाइँले जूरीको सट्टा तपाइँको मुद्दा निर्धारण गर्न न्यायाधीशलाई निर्णय गराउन पनि अनुरोध गर्न सक्नु हुन्छ, तर विपक्षी वकिल अथवा प्रॉसिक्यूटर (prosecutor) र न्यायाधीश दुबै तपाइँको अनुरोध संग सहमत हुनु पर्छ।

- तपाईंको विपक्षी वकिल अथवा प्रॉसिक्यूटर (prosecutor) ले तपाईको विरुद्धमा बोलाउन सक्ने साक्षीहरूको सामना गर्ने र प्रश्न सोधपुछ गर्ने तपाईंसँग अधिकार छ।

- तपाईंसँग नर्थ डकोटा (North Dakota) राज्यको सबपोएना पॉवर (Subpoena powers) प्रयोग गरेर तपाईंले तपाईको तर्फबाट गवाही दिन साक्षीहरूको लागि बोलाउनु अधिकार छ।

- तपाईंसँग चुपचाप अथवा मौन बस्ने र अदालतमा आफ्नो पक्षमा बोल्न अस्वीकार गर्ने अधिकार छ। यदि तपाईंले गवाही नदिने निर्णय गर्नु भयो भने यसलाई तपाईंको विरुद्ध कुनै पनि तरिकाले प्रयोग गर्न सकिँदैन।

माथि व्याख्या गरिएको तपाईको आधारभूत अधिकारहरू हुन्। अब म तपाईलाई बताउने छु, यदि तपाईले आफै म दोषी हो भनी स्वीकार्नु भयो भने के के हुने छ भनेर ।

यदि तपाईले आफै म दोषी हो भनी स्वीकार्नु भयो भने, आज वा पछिको समयमा तपाइँ ती सबै अधिकारहरू त्याग्नु हुने छ जुन मैले भर्खरै तपाईलाई व्याख्या गरेको थियो। ती अधिकारहरूमा जूरी ट्रायल (Jury Trial)को अधिकार, साक्षीहरूमाथि जाँच बुझ गर्ने अवसर र मौन बस्ने अधिकार समावेश हुने छन्।

यदि तपाईले आफै म दोषी हो भनी स्वीकार्नु भयो भने, सरकारी वकील अर्थात् प्रॉसिक्यूटर (Prosecutor) ले तपाइँको लागि सजायको रूपमा सजाय सिफारिस दिइएको हुन सक्छ। तपाईलाई थाहा हुनु पर्दछ कि न्यायाधीशले प्रॉसिक्यूटर (Prosecutor) को सल्लाह मान्न बाध्य छैनन्।

जुन सुकै न्यायधिशले न्यायोचित ठान्ने जुन सुकै सजाय, जुन प्रॉसिक्यूटर (Prosecutor) ले सिफारिस गरेको भन्दा कडा भन्दा कडा वा कठोर सजाय हुन सक्छ, त्यस्तो सजाय दिन न्यायाधीश स्वतन्त्र रहन्छ। यदि न्यायाधीशले प्रॉसिक्यूटर (Prosecutor) को सिफारिस गरेको सजायको लागू गर्दैन भने, तपाइँलाई तपाइँको दोषीको निवेदन फिर्ता लिन अनुमति दिइने छैन।

यदि तपाइँ दोषी स्वीकार गर्नु हुन्छ वा दोषी पाइनु भयो भने त्यहाँ धेरै विशेष प्रकारका परिस्थितिहरूको साथ साथैमा तपाईंका लागि अतिरिक्त परिणामहरू हुने छन्। कृपया ध्यान दिएर सुन्नु होस्।

यदि तपाइँ संयुक्त राज्यको नागरिक हुनु हुन्न साथ साथै तपाईं नागरिक नभएको बेला यस अदालतमा तपाइँ माथि लगाएको आरोपको दोष स्वीकार गर्नु भयो वा दोषी प्रमाणित भएमा, तपाइँलाई देश निकाला गर्न सकिन्छ। तपाईंसँग आफ्नो आरोप स्वीकार गर्नु अघि तपाईंले आफ्नो मूल देशको वाणिज्य दूतावासलाई सूचित गर्ने र बोल्ने अधिकार छ। साथ साथै अध्यागमन कानूनसँग परिचित वकीलबाट सल्लाह लिनु पर्छ।

यदि तपाईलाई कुनै फ़ेलोनी (felony) अपराध, वा कुनै बन्दुक वा अन्य खतरनाक हतियार प्रयोग गर्दा वा राख्दा गरेको केहि दुष्कर्मको अपराधमा दोषी ठहरिएको छ भने, वा यदि तपाई कुनै फ़ेलोनी (felony) अपराधको मुद्दाको लागि ट्रायल (trial) पर्खाइमा हुनु हुन्छ, वा यदि तपाइँ घरेलु सुरक्षा वा कुनै नो कांटैक्ट ऑर्डर (No contact order) को आदेशमा हुनु हुन्छ, वा यदि तपाइँ घरेलु हिंसाको दोषी ठहरिएको छ भने कानूनले तपाईंलाई बन्दुक वा गोलाबारुदको स्वामित्व प्राप्त गर्नबाट प्रतिबन्ध वा निषेध गर्न सक्छ।

यदि तपाईलाई कुनै फ़ेलोनी (felony) अपराध, वा यौन अपराध, वा बाल-बालिका विरुद्धको केहि अपराधमा दोषी ठहरिनु भयो भने, तपाईले आफ्नो रगत वा अन्य शारीरिकको तरल पदार्थको नमूना दिन आवश्यक हुने छ। तपाईले उपलब्ध गरियोको नमूनाको विश्लेषण गरिने छ, साथ साथै तपाईंको DNA जानकारी कानून प्रवर्तन द्वारा प्रयोग गरिएको

डाटाबेसहरूमा थपिने छ। यदि तपाइँ बच्चा विरुद्धको कुनै अपराध को दोषी ठहरिनु भयो वा यौन अपराधको दोषी भेटियो भने तपाइँले आफैलाई ऑफ़ेंडर (Offender) को रूपमा दर्ता पनि गर्नु पर्ने छ।
यदि तपाइँ हाल प्रोबेशन (probation) मा हुनु हुन्छ र तपाइँ कुनै पनि अपराधको लागि दोषी ठहरिनु भयो भने, यो सम्भव छ कि तपाइँको प्रोबेशन (probation) रद्द हुन सक्छ र तपाइँलाई त्यो अपराधको लागि पुन: सजाय हुन सक्छ।

यदि यस अदालतमा तपाइँले कुनै व्यक्ति वा सम्पत्तिलाई क्षति पुर्याएको अपराधको दोष प्रमाणित भएमा, न्यायाधीशले तपाइँलाई उक्त चोट वा हानि गरेको व्यक्तिलाई क्षति पूर्ति तिर्न आदेश दिन सक्छ।

यदि यस अदालतमा तपाइँ माथि लगाएको आरोपको दोष स्वीकार गर्नु भयो वा दोषी प्रमाणित भएमा, स्टेट लेजिस्लेचर (State Legislature) को व्यवस्थापिका अनुसार अदालतलले निश्चित शुल्क तिर्न तपाईंलाई लगाउने छन्। जब तपाइँलाई लगाएको आरोपको र सम्बन्धित दण्डहरुको बारे मा तपाईंलाई व्याख्या गरिन्छ, साथ साथै तपाइँलाई तपाइँको मुद्दामा लागू हुने शुल्कको रकम पनि तपाइँलाई प्रस्तुत गरिन्छ।

यदि तपाइँले पब्लिक डिफेंडर (public defender) को लागि अनुरोध गर्नु भएको छ भने तपाइँको आवेदन प्रशोधन को लागी शुल्क लाग्ने छ।

आजको कार्यवाहीको सुरु गर्दा, यी कुराहरूलाई दिमागमा राख्न महत्त्वपूर्ण छन्। तपाईंले ध्यान दिएर सुनि दिनु भएकोमा धन्यवाद।

यस अदालतमा या त न्यायाधीश वा क्लर्कद्वारा तपाईको मुद्दाको सुनुवाइको लागि अदालतमा बोलाइने छन्। जब तपाईंको मुद्दा बोलाइन्छ, कृपया तपाईंको उपस्थिति बनाउनको अगाडि आउनु होस्।